# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
चलानी नम्बरः

मितिः- २०८३/०५/०३

**लेखापरीक्षणका लागि आशय पत्र पेस गर्ने सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०८३।०५।०३)

उत्तरगया गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रको आर्थिक वर्ष २०८२।८३ को अन्तिम लेखापरीक्षण गर्ने प्रयोजनार्थ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका इच्छुक लेखापरीक्षकहरुले तपसिल बमोजिमका कागजातहरुसहित मिति २०८३ साल भाद्र १७ गते कार्यालय समयभित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वकको निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेसागत नवीकरण गरिएको लेखापरीक्षण प्रमाणपत्रको प्रतिलिपि।
- मूल्य अभिवृद्धि कर वा पानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- आर्थिक वर्ष २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- लेखापरीक्षक स्वयंको सम्पर्क नम्बर, ठेगाना,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,राष्ट्रिय परिचयपत्रको प्रतिलिपि र लेखापरीक्षण गर्ने आशयसहितको निवेदन।

.........................
जयराम उप्रेती
प्रमुख प्रशासकीय अधिकृत